# सुदुरपश्चिम प्रदेश सरकार
## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
## कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र,कञ्चनपुर

प.स :२०८०/८१
च.न.

मितिः २०८०/०९/२३

**विषयः कृषि यान्त्रीकरण अनुदानका लागी आवेदन पेश गर्ने सम्वन्धी सूचना।**
**प्रथम पटक प्रकाशित मितिः २०८०/०९/२३**

यस कार्यालयको आ.व. २०८०/०८१ को स्विकृत कार्यक्रम **कंचनपुर जिल्लामा कृषि यान्त्रिकरण सहयोग** अन्तर्गत कृषि यन्त्र, औजार उपकरणहरु अनुदानमा वितरण गर्ने कार्यका लागी तपशिल अनुसारका कृषि यन्त्र, उपकरण औजारहरु यस कार्यलयबाट छनौट भएका आपूर्तिकर्ताहरुबाट अनुदानमा लिनको लागि कार्यविधिको अनुसुची-१ (ख) व्यक्तिगत कृषक, कृषक समुह, र उपभोक्ता समुहको लागी र अनुसुची-१ (ग) कृषि सहकारी/कृषि फर्म वा कम्पनी र कृषि उद्यमीका लागी आवश्यक पर्ने सम्पुर्ण कागजातहरु उपभोक्ता आफैले प्रमाणित गरी कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, प्रथम संशोधन २०७७ को अनसुची ४ अनुसारको निवेदन र प्रारम्भिक छनौटको फारम भरी यस कार्यालयमा सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र अर्थात मिति २०८०/१०/१४ गते भित्र कार्यालय सयममा निम्न अनुसारका शर्तहरु पालना गर्ने गरी र स्पष्ट रुपमा खुल्ने गरी पुर्ण विवरण भरिएको अनुसूची फारम साथै अन्य आवश्यक कागजात संलग्न राखी निवेदन पेश गर्न हुन सम्वन्धित सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । अनुसुची -४ अनुसार आवेदन भर्दा सामग्रीको मुल्य, अनुदान माग गरेको रकम र यस कार्यलयले आपुर्तिकर्ता छनौट गरिसकेपछि कायम गरेको अनुदान रकम फरक परेमा औजार उपकरण उपलब्धका लागी सिफारिस गर्दा कार्यलयले कायम गरेको अनुदान रकम अनुसार परिमार्जन गरिनेछ । साथै आपुर्तिकर्ताले दररेट पेश नगरेको औजार उपकरणहरु कृषकहरुबाट माग भएमा त्यस्तो औजार उपकरण अनुदानमा उपलब्ध नगराईने व्यहोरा जानकारी गराईन्छ।

<u>तपशिल</u>

**सामग्रीहरुको विवरणः**

| | | |
|---|---|---|
| १.केज व्हिल | २.रिपर पावर टिलर जडित | ३.सिडड्रिल पावर टिलर जडित |
| ४.धान थ्रेसर चार पांग्रे ट्र्याक्टर जडित | ५.गहुँ थ्रेसर चार पांग्रे ट्र्याक्टर जडित | ६.रोटाभेटर ट्र्याक्टर जडित |
| ७.डिस्क ह्यारो टयाक्टर जडित | ८.सिड कम फर्टिलाइजर ड्रिल ट्र्याक्टर जडित | ९.विनूवोइंग फ्यान |
| १०.आलु खन्ने मेशिन पावर टिलर जडित | ११.इलेक्ट्रिक कर्न थ्रेसर | १२. चाफ कटर |
| १३.न्यापस्याक पावर स्प्रेयर | १४.रिजर | १५.खाडल खन्ने मेसिन |
| १६.कम्बाईन राइस मिल | १७..कल्टिभेटर | १८. लेजर ल्याण्ड लेभ्लर |
| १९.ब्रस कटर | २०.पुस सीडर | २१ . उखु लिफ ट्र्यास सीडर |
| २२.उखु र्याटुन म्यानेजर | २३.रिपर चार पांग्रे टयाक्टर जडित | |

**आवश्यक शर्तहरुः**

१..कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७६ को अनुसुची १ मा उल्लेख भएका कागजातहरु अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ ।

२.आवेदन दिने उपभोक्ताहरु कृषि पेशा, व्यवसायमा संलग्न भएको हुनु पर्ने ।

३.अपुर्ण तथा अस्पष्ट रुपमा भरिएको आवेदन दर्ता हुनेछैन । भुलवस दर्ता भएपनि छनौट प्रक्रियामा समावेश गरिनेछैन ।

४.कृषि यन्त्र, औजार उपकरण खरिद गर्दा यस कार्यालयबाट छनौट भएका आपुर्तिकर्ताहरुबाट मात्रै खरिद गर्नुपर्नेछ ।

५.कृषि यन्त्र, औजार उपकरणहरुको जम्मा मुल्यमा कार्यालयले तोकेको अनुदान मुल्य वाहेकको वाकी रकम उपभोक्ताहरुले व्यहोर्नु पर्नेछ ।

गोविन्द सिजापति
नि. कार्यालय प्रमुख

६.अनुदानमा उपलब्ध गराईएका कृषि औजार यन्त्र उपकरणहरु कृषि कार्यमा मात्र प्रयोग गर्नु पर्ने साथै उक्त यन्त्र उपकरणहरु अरुलाई विक्रि वितरण गर्न पाईनेछैन ।

७.विगत दुई (२) आ.व. भित्र कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र तथा कृषि सँग सम्वन्धित अन्य आयोजना तथा परियोजना र संघ सस्थाहरुबाट अनुदानमा कृषि यन्त्र, औजार उपकरण लिएको उपभोक्तालाई कार्यक्रममा समावेश गरिनेछैन । साथै विगत २ वर्ष भित्र अनुदानमा कृषि यन्त्र औजार उपकरण लिएको छैन भनेर स्वघोषणा पत्र निवेदन साथ समावेश गर्नु पर्ने छ ।

८.कृषि यन्त्र, औजार उपकरणहरु कृषि ज्ञान केन्द्रहरुबाट उपभोक्ता स्वयंमले ढुवानी गरी लैजानु पर्नेछ ।

९.सम्वन्धित स्थानीय तहको सिफारीस पत्र ।

नोटः कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७६, प्रथम संशोधन २०७७ र उपभोक्ताहरुले भर्नुपर्ने आवेदन अनुसुची -४ सम्वन्धित स्थानीय तहबाट प्राप्त गर्न सकिने तथा यस कार्यालयको वेवसाइट kanchanpur.akc.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ।

साथै थप जानकारीका लागी यस कार्यालयको फोन नं. ०९९-५२२१८३ मा सम्पर्क गर्न सकिनेछ।

राजश्व सम्बन्धि व्यवस्था :कार्यालय :कृषि ज्ञान केन्द्र कंचनपुर ,कार्यालय कोडः ३१२०१७६०५७,बैंक :रास्ट्रिय वाणिज्य बैंक , राजश्व शिर्षक नम्बरः१४२२९ ,राजश्व दस्तुर ;रु १ देखि ५ लाख रु ३०० र ५ लाख भन्दा बढीको लागि रु १००० (सक्कल राजश्व भौचर )

पाना नं (२)

गोबिन्द सिजापती
नि. कार्यालय प्रमुख


Phone: 099522183, Email:akckanchanpur@gmail.com Website:kanchanpurakc.gov.np